मिति २०८२/०२/२८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८२/०२/२८ गते।

बैठक बसेको समयः अपराह्न २:०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्णबहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धनबहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्दबहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्दप्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लालबहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्गबहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपालसिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीरबहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्णप्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहनबहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलकबहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमलबहादुर दमै | गाउँ कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोकबहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री टंकबहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सचिव, गाउँ कार्यपालिका | |

श्री जीतेन्द्र गिरि, प्रशासकीय अधिकृत

श्री चन्द्रिका थापा, कार्यालय सहयोगी



CamScanner

मिति २०८२/०२/२८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/वडा/ विषयगत समिति |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा | |
| २. | बाटो मर्मत सम्भार सम्बन्धमा | पूर्वाधार विकास शाखा |
| ३. | जग्गा सट्टाभर्ना सम्बन्धमा | भूमी व्यवस्थापन शाखा |
| ४. | कार्यविधि पारित सम्बन्धमा | प्रशासन शाखा |
| ५. | बेरुजु फछ्र्योट सम्बन्धमा | आ.ले.प.शाखा |
| ६. | विविध | आर्थिक प्रशासन शाखा |

**निर्णय नं. १**

**प्रस्ताव नं.** १ माथि छलफल गर्दा यसअघि मिति २०८२/०२/०६ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरु समीक्षा गरियो।

**निर्णय नं. २**

**प्रस्ताव नं.** २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्थानका सडक खण्डमा रहेका खाल्डाखुल्डीले दैनिक रुपमा आवतजावत हुने सवारी साधनहरुलाई आवतजावतमा समस्या पार्ने गरेकोले तपसिलको सडक खण्डहरुलाई कन्टिन्जेन्सी रकमवाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट बमोजिम ड्रेसिङ/ग्राभेल मर्मत सम्भार गर्ने:

(क) जौखोरिया-चकमके सडक (वडा नं. ५,१०,११)
(ख) चकमके-बाहुनतिल्पुङ्ग-खोरभञ्ज्याङ्ग सडक (वडा नं. ११, ८)
(ग) चकमके-आम्बोटे सडक (वडा नं. ११, ९)
(घ) चकमके-लंगुर-ढुङ्ग्रे-अवल सडक (वडा नं. ११, १०)
(ङ) सिर्चो-लङ्गुर - सरकारी पुल

**निर्णय नं. ३**

**प्रस्ताव नं.** ३ माथि छलफल गर्दा बागमती प्रदेश सरकार, सहरी विकास तथा भवन कार्यालय, सिन्धुलीद्वारा चकमके बजार बस्ती विकास तथा सुधार परियोजना अन्तर्गत निर्माण कार्य गराउने क्रममा श्री पार्वती सुनुवारको निजी घर संरचना खाली गराउनुपर्ने भएकोले निजलाई चकमके बजारमा रहेको सार्वजनिक शौचालयको पूर्वपट्टी रहेको खाली जग्गामा ३० फिट लम्बाई र १५ फिट चौडाईमा चार किल्ला खुलाई घर संरचना बनाउन दिने।

साथै, सोही जग्गाको पूर्वपट्टी गाउँपालिकाले मञ्च निर्माण गर्न तयार गरेको संरचनामा श्री नैनाकुमारी खत्रीलाई उक्त संरचना बराबरको जग्गामा घर टहरा निर्माण गर्न दिने। त्यस्तै, निज श्री नैनाकुमारी खत्रीको साविक बसोबास गरेको घर टहरा हटाई खेल मैदानको लागि प्रयोग गर्न दिने।

**निर्णय नं. ४**



CamScanner

**प्रस्ताव नं. ४** माथि छलफल गर्दा विभिन्न शाखा मार्फत पेश भएको तपसिल बमोजिम कार्यविधि पारित गर्ने:

<u>तपसिल</u>

(क) तीनपाटन ग्रामिण आँखा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

(ख) पोलिथिन पाइप वितरण कार्यविधि, २०८२

**निर्णय नं. ५**

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व.२०७८।८९ को महालेखा परीक्षकको कार्यालयको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुमध्ये नियमित गर्नुपर्ने प्रकृतिका बेरुजुलाई नियमित गर्न मिति २०८२/२/२८ गते बिहान ९ बजे बसेको लेखा समितिको बैठकको निर्णयलाई स्वीकृत गर्ने। साथै, आउँदो गाउँसभा अधिवेशनबाट प्रकृया पुऱ्याई उक्त बेरुजु नियमित गरी फछ्यौंट गर्ने कार्यका लागि सम्मानित सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

**प्रस्ताव नं. ६** विविध माथि छलफल गर्दा आ.व.२०७७/७८ मा एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत "पालिका अन्तर्गत निर्माणाधीन ५/१०/१५ शैया आधारभुत अस्पतालको कार्य प्रगति तथा मोविलाइजेशन" शीर्षकमा ठेक्का आह्वान भई निर्माण व्यवसायी ए.एम/पाइनस जे.भि.ले ठेक्का पारी आ.व.२०८१/८२ सम्म ११ औं रनिङ बिलको भुक्तानी प्रकृयासम्म आउँदा संघीय सरकारवाट आ.व.२०८१/८२ मा वजेट रु.१,१०,७७,०००/- (अक्षरेपी एक करोड दस लाख सतहत्तर हजार) प्राप्त भएता पनि समयमा निकासा फुकुवा नभएको तथा निर्माण व्यवसायीबाट काम रोकिने अवस्था सृजना भएको हुँदा तीनपाटन गाउँपालिकाको श्रोतबाट रकम रु.७०,००,०००/- (अक्षरेपी सत्तरी लाख) भुक्तानी गरिएको तथा हाल संघीय सरकारबाट निकासा फुकुवा भएको हुँदा कोलेनिका, सिन्धुलीवाट रकम रु. ७०,००,०००/- (अक्षरेपी सत्तरी लाख) भुक्तानी आदेश पठाई गाउँपालिकाको खातामा रकम सोधभर्ना गर्ने ।

*उल्लिखित प्रस्ताव उपर सर्वसहमत निर्णय गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।*



CamScanner